नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५२६ मिति :- २०६६/१२/३१

**श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय तथा सवै इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु ।**

**विषय :- *सुन चाँदी आयात सम्बन्धी व्यवस्थामा संशोधन ।***

महाशय,

यस बैंकको इ.प्रा.परिपत्र संख्या : ३९०, ५१५, ५१६, ५१७ र ५२२ बाट सुन चाँदी आयात सम्बन्धमा गरिएका व्यवस्थाहरुमा देहाय बमोजिम संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) **सुन आयात सम्बन्धी व्यवस्थामा संशोधन**

१. इ.प्रा. परिपत्र संख्या :- ५२२ को खण्ड (क) को दफा २ को सट्टा देहायको दफा २ राखिएकोछ :-
"२. दफा १ बमोजिम सुन आयात गर्ने संघका सदस्य बैंकले भ्याट/प्यानमा दर्ता भई नेपाल सुन चाँदी व्यवसायी संघबाट सिफारिस प्राप्त सुन व्यवसायीलाई मात्र सुन बिक्री गर्नु पर्नेछ ।"

२. इ.प्रा.परिपत्र संख्या :- ५२२ को खण्ड (क) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-
"४. बैंकहरुले आयात गर्ने सुनको हकमा समेत वि.वि.नि. फा.नं. ४ जारी गर्नु पर्नेछ ।"

(ख) **चाँदी आयात सम्बन्धी व्यवस्थामा संशोधन**

१. इ.प्रा. परिपत्र संख्या ५२२ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-
"(ख) चाँदी आयात सम्बन्धी व्यवस्थामा संशोधन

१. अव उप्रान्त चाँदीको आयात गर्दा नेपाल सुन चाँदी व्यवसायी संघको सिफारिसमा सो संघका सदस्य व्यवसायीहरुले मात्र प्रतिदिन बढीमा १०० किलोग्रामका दरले आयात गर्ने व्यवस्था उक्त संघले मिलाउनु पर्नेछ ।

२. चाँदी आयातको लागि शतप्रतिशत मार्जिन नगदमै राख्नु पर्नेछ ।
३. यस्तो मार्जिन राख्ने वा चाँदी आयात गर्ने प्रयोजनको लागि कुनै किसिमको कर्जा सुविधा प्रदान गर्न पाइने छैन ।
४. यस खण्ड बमोजिम चाँदी आयात गर्ने व्यवसायीले थोकमा एक किलोग्राम वा सो भन्दा बढी चाँदी अन्य चाँदी व्यवसायीलाई विक्री गर्दा भ्याट/प्यानमा दर्ता भएका व्यवसायीलाई मात्र विक्री गर्नु पर्नेछ ।
५. यस खण्ड बमोजिम आयात तथा थोकमा विक्री भएको चाँदीको विवरण नेपाल सुन चाँदी व्यवसायी संघले मासिक रुपमा यस बैंकमा पेश गर्नु पर्नेछ ।"

**(ग) देहायका परिपत्रहरुमा देहाय बमोजिम संशोधन/खारेज गरिएकोछ :-**

१. इ.प्रा. परिपत्र संख्या ३९० मिति २०६३।१२।११ को दफा २ (ख) को खण्ड (२) मा रहेको " ................ अमेरिकी डलर ३० हजारसम्मको ................." भन्ने वाक्यांशको सट्टा " ............. अमेरिकी डलर २५ हजारसम्मको .................. " भन्ने वाक्यांश राखिएको छ ।
२. इ.प्रा.परिपत्र संख्या :- ५१५ मिति २०६६।०९।२४ को परिपत्र खारेज गरिएकोछ ।
३. इ.प्रा.परिपत्र संख्या :- ५१६ मिति २०६६।१०।०४ को परिपत्र खारेज गरिएकोछ ।
४ इ.प्रा.परिपत्र संख्या :- ५१७ मिति २०६६।१०।०६ को परिपत्र खारेज गरिएकोछ ।
५. इ.प्रा. परिपत्र संख्या : ५२२ मिति २०६६।१२।२० को परिपत्रको पेट बोलीमा परेका ४०९, ५१५ र ५१६ भन्ने अङ्कहरु हटाइएकोछ ।
६. सुन चाँदी आयात सम्बन्धी अन्य व्यवस्थाहरु यथावत राखिएकोछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

***<u>वोधार्थ:-</u>***

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नि.वि. महाशाखा, सिंहदरवार ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर ।
५. श्री नेपाल उद्योग वाणिज्य महासंघ, बागमती च्याम्बर, टेकु ।
६. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तरराष्ट्रिय व्यापार शाखा ।
७. श्री व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोक ।
८. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
९. श्री बैंक सुपरिवेक्षण विभाग ।
१०. श्री आन्तरिक लेखा परिक्षण विभाग ।
११. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभसाइटमा राखिदिनु हुन ।
१२. श्री नेपाल बैंकर्स एशोसिएशन, हेरिटेज प्लाजा, काठमाडौं ।
१३. श्री नेपाल सुन चाँदी व्यवसायी संघ, क्षेत्रपाटी, काठमाडौं ।